# डिलासैनी गाउँपालिकाको आर्थिक सहायता वितरण नियमावली, २०७५

**कार्यपालिकाबाट पारित मिति : २०७५।११।१५**

डिलासैनी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) (त) को अधिकार क्षेत्रमा डिलासैनी गाउँपालिकाले देहायको नियमावली बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो नियमावलीको नाम डिलासैनी गाउँपालिकाको आर्थिक सहायता वितरण नियमावली, २०७५ रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा

(क) पदाधिकारी भन्नाले डिलासैनी गाउँ कार्यपालिका, वडा समिति र गाउँ सभाका निर्वाचित सदस्य सम्झनुपर्छ ।

(ख) कर्मचारी भन्नाले डिलासैनी गाउँ कार्यपालिकाको कार्यालय वा अन्तर्गतका निकायमा कार्यरत कर्मचारी सम्झनुपर्छ ।

(ग) वडा भन्नाले गाउँपालिकाको वडा समितिलाई सम्झनुपर्छ ।

(घ) सभा भन्नाले डिलासैनी गाउँपालिकको गाउँसभा सम्झनुपर्छ ।

(ङ) कार्यपालिका भन्नाले डिलासैनी गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

**३. आर्थिक सहायतामा रकम विनियोजन :** (१) डिलासैनी गाउँपालिकाको सभाले आर्थिक सहायताका लागि सालबसाली रुपमा न्यूनतम रकम विनियोजन गर्नेछ ।

(२) सभाबाट विनियोजन नभएको वा विनियोजन भएको रकम अपुग भएमा कार्यपालिकाले विनियोजन ऐनको सीमाभित्र रही रकमान्तर गरेर समेत खर्च गर्न सक्नेछ ।

(२) आर्थिक सहायता शीर्षकमा विनियोजित रकम नियम ४ बमोजिमका कार्यमा खर्च गर्न सकिनेछ

**४. आर्थिक सहायताको रकमको प्रयोग :** आर्थिक सहायता शीर्षकमा विनियोजित रकम निम्नानुसारका कार्यमा खर्च गर्न सकिनेछ,

(क) मुटु, मृगौला, कलेजो, फोक्सो र रक्त सञ्चार प्रणालीसम्बन्धी जटिल रोग तथा क्यान्सर रोग लागेका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई उपचार खर्च उपलब्ध गराउन ।

(ख) मुटु, मृगौला, कलेजो, फोक्सो र रक्त सञ्चार प्रणालीसम्बन्धी जटिल रोग तथा क्यान्सर रोग लागेका डिलासैनी गाउँपालिकाका विपन्न नागरिकहरुलाई आर्थिक सहायता प्रदान गर्न ।

**५. आर्थिक सहायताको सीमा :** (१) यस नियमावलीको नियम ४(क) बमोजिम खर्च गर्दा अस्पत्तालको वास्तविक बिल, आर्थिक सहायता शीर्षकमा विनियोजित रकम, सम्बन्धित पदाधिकारी/कर्मचारीको आर्थिक अवस्था समेतलाई आधार मानेर कार्यपालिकाले निर्णय गरेबमोजिम उपचार खर्च उपलब्ध गराइनेछ ।

(२) यस नियमावलीको नियम ४(ख) बमोजिमको अवस्थामा नागरिकको आर्थिक अवस्था हेरी बढीमा १५०००। (पन्ध्र हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

**६. आर्थिक सहायता प्राप्त गर्न पुरा गर्नु पर्ने कार्यविधि :** (१) यस नियमावली बमोजिम आर्थिक सहायता प्राप्त गर्न निम्नानुसारको प्रक्रिया र कागजात पेश गर्नु पर्नेछ ।

(क) डिलासैनी गाउँ कार्यपालिकाबाट आर्थिक सहायता दिने निर्णय भएको हुनुपर्ने ।

(ख) सेवाग्राही नेपाली नागरिक हुनुका साथै डिलासैनी गाउँपालिकाको स्थायी बासिन्दा भएको प्रमाण पेश गर्नु पर्ने ।

(ग) सम्बन्धित वडा कार्यालयले आर्थिक रुपमा विपन्न रहेकोले आर्थिक सहायता उपलब्ध गर्न सिफारिस गरेको हुनुपर्ने ।

(घ) नेपालको सरकारी अस्पत्तालमा उपचार गरिराखेको तथा यस नियमावलीमा उल्लेख भए बमोजिमको रोग लागेको प्रमाणित हुने कागजात पेश गर्नु पर्ने ।

**११. बाधा अडकाउ फुकाउने अधिकार :** यस नियमावलीको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा गाउँ कार्यपालिकाले अन्तिम निर्णय गर्नेछ ।

डिलासैनी गाउँपालिका